# कर्पोरेट डेभलपमेन्ट बैंक लि., वीरगञ्जलाई समस्याग्रस्त घोषणा गरिएको सम्बन्धी

## नेपाल राष्ट्र बैंकको

# विज्ञप्ति

कर्पोरेट डेभलपमेन्ट बैंक लि. वीरगन्ज पर्सालाई मिति २०७१।९।४ देखि लागु हुने गरी समस्याग्रस्त संस्थाको रूपमा घोषणा गरिएको छ ।

उक्त बैंकलाई २०७०।५।२ देखि शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को खण्ड ३(ग) बमोजिमको कारवाही गरिएको । सोपश्चात २०७० पुस मसान्तको वित्तीय विवरणको आधारमा स्थलगत निरीक्षण गर्दा संस्थाको वित्तीय अवस्था झन कमजोर भई सो अवधीमा पूँजीकोष अनुपात २.८६ प्रतिशतले ऋणात्मक रहेकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिम संस्थालाई समस्याग्रस्त वित्तीय संस्थाको रुपमा घोषणा गरी सोही ऐनको दफा ८६ग. अनुसार कारवाही गर्नु नपर्ने कुनै कारण भए ३५ दिन भित्र स्पष्टीकरण पेश गर्न उक्त संस्थाको सञ्चालक समितिलाई निर्देशन दिइएको । संस्थाले पेश गरेको स्पष्टीकरणमा २०७१ असार तथा साउन मसान्तमा पूँजीकोष अनुपात क्रमशः ३.०६ र ४.७५ प्रतिशत कायम भएको वित्तीय विवरण पेश गरेको । उक्त वित्तीय विवरणहरु लगायत संस्थाको वित्तीय अवस्थाको परीक्षण गर्न अनुगमन टोली खटाइएकोमा टोलीको प्रतिवेदन अनुसार संस्थाको खराव कर्जा असुली एवं गैर बैंकिंग सम्पत्तिको व्यवस्थापनमा प्रगति नभएको, यस अघि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्न निर्देशन दिएका कर्जाहरुमध्ये केही कर्जाहरुमा रु.२ करोड २७ लाख ६६ हजार कर्जा नोक्सानी व्यवस्था नगरेको, गैरबैंकिंग सम्पत्तिमा सकार गरेको सम्पत्तिहरुमध्ये केही सम्पत्तिको नोक्सानी व्यवस्था नगरेको लगायतका कारण सुपरिवेक्षकीय समायोजन पश्चात २०७१ असार मसान्तसम्ममा खुद नोक्सान रु.१४ करोड ८७ लाख ३० हजार कायम हुन गई उक्त अवधिमा पूँजीकोष अनुपात ७.४८ प्रतिशतले ऋणात्मक देखिएको । साथै, २०७१ भदौ महिनासम्ममा समेत वित्तीय अवस्थामा खासै प्रगति नभई उक्त अवधिमा पूँजीकोष अनुपात ४.०० प्रतिशत ऋणात्मक रहेको देखिएकोले संस्थाबाट प्राप्त स्पष्टीकरण चित्तबुझ्दो र सन्तोषजनक नदेखिएको ।

साथै, संस्थाले २०७१ कात्तिक मसान्तसम्म असुल गरेको खराब कर्जालाई भदौ मसान्तसम्मको वित्तीय विवरणमा समायोजन गर्दा समेत २.७० प्रतिशतले पुँजीकोष ऋणात्मक कायम हुन आएकोले संस्थाको हालको अवस्थालाई विश्लेषण गर्दा संस्था सामान्य बैंकिङ्ग सिद्धान्त, मूल्य, मान्यता तथा प्रचलित कानून अनुरूप सञ्चालन नभएको तथा वित्तीय अवस्थामा सुधार नभई कमजोर रहेका कारण तत्काल परिणाममूलक सुधार नगर्ने हो भने संस्था अविच्छिन्न निकायको रूपमा सञ्चालन हुन्छ भन्ने अवस्था समेत नदेखिएकोले निक्षेपकर्ता, सर्वसाधारण लगानीकर्ता एवं सम्पूर्ण सरोकारवालाहरूको हित संरक्षणका लागि बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (आ) अनुसार नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा ८६ख. बमोजिम कर्पोरेट डेभलपमेन्ट बैंक लि., वीरगन्ज, पर्सालाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग. अनुसार ६ महिनाभित्र निम्नानुसारका सुधारात्मक कार्य गर्न निर्देशन दिइएको छ :

(क) यस बैंकको निर्देशन बमोजिम पूँजीकोष कायम गर्न ।

(ख) थप निक्षेप संकलन एवम् नवीकरण नगर्न ।

(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न एवम् नवीकरण नगर्न ।

(घ) लाभांश तथा बोनश शेयर घोषणा नगर्न ।

(ङ) यस बैंकको स्वीकृति बिना संस्थाका सञ्चालक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधा बृद्धि, व्यवस्थापन शुल्क वा व्यवस्थापनको तजविजले दिन सक्ने अन्य क्षतिपूर्ति आदि प्रदान नगर्न ।

(च) भाखा (म्याद) पुगेका एवं फिर्ता भुक्तानी गर्नु पर्ने निक्षेप फिर्ता गर्न । तर, प्रति दिन प्रति खाता रु.२ लाखभन्दा बढी निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको पूर्व स्वीकृति लिन ।

(छ) कूल कर्जामा निष्क्रिय कर्जाको अनुपात बढीमा ५.०० प्रतिशतसम्ममा ल्याउन ।

(ज) नयाँ शाखा नखोल्न ।

(झ) यस बैंकको स्वीकृति बिना स्थीर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।

(ञ) सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

(ट) यस बैंकको स्वीकृति बिना नयां कर्मचारी भर्ना नगर्न तथा कार्यरत कर्मचारीको बढुवा नगर्न ।

(ठ) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

मनमोहनकुमार श्रेष्ठ
प्रवक्ता

मिति २०७१/९/४